आज मिति २०७५ साल जेष्ठ २२ गतेका मंगलवारका दिन नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति एवं निर्णयहरु निम्नानुसार रहेको छ ।

**<u>उपस्थिती</u>**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मीरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

**<u>कार्यकारीणी सदस्यहरु</u>**

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वांस्तोला | उपस्थित |
| वरिष्ठ आ.ले.प.अ. | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मूल | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री रामेश्वर लामिछाने | उपस्थित |

**<u>निर्णय नं.१:</u>** मल्टिटेक इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.बाट प्राप्त व्यास न.पा.को पर्यटन गुरुयोजनाको अन्तिम प्रतिवेदन बैठकमा पेश गरियो । सोमा उल्लेख भएअनुसारका कार्यक्रमहरुलाई आगामी वार्षिक कार्यक्रमहरुमा समावेश गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो । साथै गुरुयोजना निर्माण गरेवापत उक्त प्रा.लि.लाई दिन बांकी रहेको अन्तिम किस्ता रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२:** व्यास नगरपालिका वडा नं ९ स्थित दलित तथा गरिब विपन्न वर्ग बसोवास रहेको वस्तीमा संचालन हुन लागेको वेतीनी खोलाको खानेपानी लिफ्टद्धारा पुराना गाउँ र नारायणचौरका घर वस्तीमा खानेपानी योजना संचालन गर्न न.पा.द्वारा २,६०,०००। लागत सहभागिता अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.३:** व्यास न.पा. वडा नं. ३ मा निर्माणधीन सार्वजनिक शौचालयमा घरेलु तथा साना उद्योग विकास समितिबाट सामान खरिद गरेवापत माग गरेको रु.२,२९,७३६। भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.४:** व्यास नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका र संचालनमा आउन सक्ने चुनढुंगा, ढुंगाखानी लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन दिन विपद् तथा वातावरण समितिका संयोजक श्री मोहनकुमार श्रेष्ठको संयोजकत्वमा निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री मोहनकुमार श्रेष्ठ |
| सस्दय | श्री निरबहादुर खड्का |
| सदस्य | श्री तुलसीराम सापकोटा |
| सदस्य | श्री अमृतबहादुर नेपाली |
| सदस्य सचिव | श्री हेमन्त गुरुङ्ग |

**निर्णय नं.५:** व्यास न.पा.द्धारा २०७५/१/२९ मा आयोजित अल्ट्रा म्याराथन प्रतियोगिताको प्रतिवेदन बोर्ड समक्ष प्रस्तुत भयो । प्रतियोगिता संचालनका लागि मिति २०७५/०१/१० को वोर्ड वैठकबाट विनियोजित भएको रकम रु.१०,००,०००। र बाटो मर्मत समेत कुल खर्च रकम रु.१५,२५,७२७। भएकाले सो रकमलाई अनुमोदन गर्ने र नपुग हुन गएको रकम रु.५,२५,७२७। भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.६:** व्यास न.पा. वडा नं ३ स्थित भतेरीमा फोहोरमैला संकलन केन्द्रका लागि ट्रस निर्माण गर्ने कार्यका लागि रु.१,५०,०००। विनियोजन गर्ने र ट्रस निर्माण कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास न.पा. क्षेत्रभित्रको आ.व.२०७४/०७५ देखि आ.व.२०७६/०७७ सम्म तीन (३) वर्षका लागि विज्ञापन कर उठाउने ठेक्का लगाउन मिति २०७५ जेष्ठ ७ गते सूचना प्रकाशित गरी रितपूर्वक दाखिला हुन आएका फर्महरु मध्ये श्री बेदान्त मल्टिप्रपोज कम्पनी प्रा.लि. काठमाण्डौंले ०.६७ प्रतिशत बढी अर्थात् रु.३,०२,०००। रुपैया सबैभन्दा बढी कवोल गरेकाले मूल्यांकन समितिको सिफारिस अनुसार सो कम्पनीका दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** व्यास न.पा.द्धारा लिइदै आएको घरजग्गाका कम्पाउण्डवालको दस्तुर ज्यादै न्यून भएकाले आजै देखि लागू हुने गरी प्रति स्क्वायर फुट रु.५। लिने निर्णय गरियो ।

**निर्णय नं.९:** व्यास नगरपालिका वडा नं २ स्थित डांङग्रेखोल्सीमा निर्माण भएको लक्ष्मी श्रेष्ठको भवन न.पा. द्धारा नक्शापास भएको र निजी जग्गामा निर्माण भएको तर न.पा.द्धारा निर्माण कार्य रोक्नु भन्दा भन्दै अटेर गरी भवन निर्माण गरेकाले रु.२५,०००। जरिवाना लिने र घर सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** व्यास नगरपालिका शिक्षा समितिको मिति २०७५/२/१७ गतेको बैठकबाट निर्णय भई वोर्ड समक्ष सिफारिस भएको निम्न विद्यालयहरुलाई निम्नानुसार गाभ्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | बन्दहुने विद्यालयको नाम र ठेगाना | चल अचल सम्पति हस्तान्तरण गर्ने विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| १. | भद्रकाली प्रा.वि. व्यास ७ | क्यामिनकोट मा.वि. व्यास ७ |
| २. | सरस्वती प्रा.वि. व्यास १० | जनता आ.वि. व्यास |
| ३. | तनहूँ प्रा.वि. व्यास ११ | वाराही मा.वि. व्यास |
| ४. | भद्र प्रा.वि. व्यास १४ | सोही विद्यालयको वा.वि.के. यथावत सञ्चालन गर्ने |
| ५. | केशवटार प्रा.वि. व्यास १४ | कक्षा ५ लाई ३ कायम गर्ने र एक दरबन्दी कट्टा गर्ने |
| ६. | छाव्दी वाराही प्रा.वि. व्यास १४ | एक दरबन्दी कट्टा गर्ने |

| | | |
|---|---|---|
| ७. | कालिका प्रा.वि. व्यास ९ | एक दरबन्दी कट्टा गर्ने |
| ८. | क्यामिन छापथोक प्रा.वि. व्यास ७ | एक रिक्त दरबन्दी कट्टा गर्ने |

**<u>निर्णय नं.११:</u>** व्यास न.पा.मा रहेको योजना अनुगमन तथा सुपरिवेक्षण समितिबाट विभिन्न योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्ने कार्य भयो । प्रतिवेदनले औल्याएका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको पारिश्रमिक सम्बन्धी कानून प्रदेश नं ४ को प्रदेश सभाबाट पारित भई कार्यान्वयनमा आइसकेको र जनप्रतिनिधिहरुलाई पारिश्रमिक २०७४ श्रावणदेखि २०७५ आषाढसम्मको मासिक पारिश्रमिक तथा चाडवाड खर्च समेत भुक्तानीका लागि जम्मा रु.९८,५४,०००। लाग्ने र नगर सभाबाट जनप्रतिनिधिहरुको पारिश्रमिक शीर्षकमा विनियोजन रकम रु.४६,८०,०००। मात्र गरिएकाले नपुग हुन जाने रकम रु.५१,७४,०००। व्यास न.पा.को आन्तरिक स्रोतबाट व्यहोर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** व्यास न.पा.को संघीय पुर्नसंरचना पछिको तेस्रो नगर सभा २०७५ साल असार २७ गते बुधवार गर्ने निर्णय गरियो । उक्त नगर सभामा पेश गरिने योजना तथा बजेटका सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।
(क) वडाहरुबाट २०७५ जेष्ठ मसान्तसम्ममा योजना तथा कार्यक्रम पेश गर्ने ।
(ख) कार्यक्रमको राजश्व तथा व्ययको पूर्वानुमानको प्रस्तुति २०७५ असार १० गते गर्ने ।
(ग) बजेट तथा कार्यक्रम बजेट तर्जुमा समितिबाट २०७५ असार १५ भित्र पेश गर्ने ।

**<u>निर्णय नं १४:</u>** व्यास न.पा. अर्न्तगत वडा नं १ देखि १४ का ०-२३ महिनासम्मका बालबालिकाहरुको खोप सम्बन्धी तथ्यांक मिति २०७५ को दोस्रो हप्तामा लिइएको तथ्यांक उपर छलफल गर्दा ०-१५ महिनासम्मको बालबालिकाहरु जम्मा १०६० जनाले नियमित खोप नियमित रुपमा लिइदै गरेको र १६ देखि २३ महिना सम्माका जम्मा ५५२ जना बालबालिकाहरुले १५ महिनाको उमेरमा पाउने दोस्रो डोजको दादुरा सबै बालबालिकाहरुले पाएकाले पूर्ण खोप दिगोपना सुनिचिश्त भएको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं १५:</u>** यस व्यास नगरपालिकाको एकीकृत नगर विकास गुरुयोजना निर्माण गर्न न.पा. वोर्ड समक्ष छलफल भयो । सो नगर विकास गुरुयोजना तयार गर्ने क्रममा वडा तथा वस्ती स्तरमा निम्न तालिका बमोजिम छलफल गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| मिति | वडा नं | समय |
|---|---|---|
| २०७५/०२/२५ गते | ५ | बिहान ८.०० बजे |
| | १४ | दिनको २.०० बजे |
| २०७५/०२/२७ गते | २ | बिहान ८.०० बजे |
| | ६ | दिनको २.०० बजे |
| २०७५/०२/२९ गते | १ | बिहान ८.०० बजे |
| | ८ | दिनको २.०० बजे |
| २०७५/०२/३० गते | ३ | बिहान ८.०० बजे |
| | ९ | दिनको २.०० बजे |
| २०७५/०२/३१ गते | १३ | दिनको ११.०० बजे |
| | ४ | दिनको २.०० बजे |
| २०७५/०३/०१ गते | १० | बिहान ८.०० बजे |
| | ७ | दिनको १२.०० बजे |
| २०७५/०३/०३ गते | ११ | दिनको ११.०० बजे |
| | १२ | दिनको २.०० बजे |

**निर्णय नं.१६**: व्यास नगरपालिकाको वोर्ड वैठकबाट मिति २०७४ साल चैत्र २२ मा गठन भएको निम्नानुसारको समितिहरुलाई पुर्नगठन गर्ने निर्णय गरियो ।

(क) **पूर्वाधार विकास समिति:**

१. संयोजक श्री शतिशचन्द्र न्यौपाने
२. सदस्य श्री ओजराज पौडेल
३. सदस्य श्री लेखबहादुर राना
४. सदस्य श्री तमबहादुर दरै
५. सदस्य सचिव श्री रविन्द्रलाल मूल

(ख) **आर्थिक विकास समिति**

१. संयोजक श्री काशीराम श्रेष्ठ
२. सदस्य श्री खरसिं दरै
३. सदस्य श्री तुलसीराम सापकोटा
४. सदस्य श्री चन्द्रमाया परियार
५. सदस्य सचिव श्री हेमन्त गुरुङ्ग

(ग) **सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

१. संयोजक श्री विश्वराज न्यौपाने
२. सदस्य श्री तोत्रबहादूर कुवर
३. सदस्य श्री मधुमाया घर्ती
४. सदस्य सचिव श्री कुमारकन्चन जि.सी.

(घ) **वातावरण तथा विपद व्यवस्थापन**

१. संयोजक श्री मोहनकुमार श्रेष्ठ
२. सदस्य श्री प्रेमकुमार श्रेष्ठ
३. सदस्य श्री निरबहादुर खड्का
४. सदस्य श्री सुनसरी गुरुङ्ग
५. सदस्य सचिव श्री कृष्णराज घिमिरे

(ङ) **सामाजिक विकास समिति**

१. संयोजक श्री काजीमान श्रेष्ठ
२. सदस्य श्री सुरेश थापा
३. सदस्य श्री कल्पना पोखेल
४. सदस्य सचिव श्री मोहन सिंह खड्का

(च) **विधायन समिति**

१. संयोजक श्री सूर्यभक्त भण्डारी
२. सदस्य श्री अमृतबहादुर नेपाली
३. सदस्य श्री नरीमाया राना
४. सदस्य सचिव श्री गोकर्णराज वाग्ले

(छ) **राजश्व परामर्श समिति**

१. संयोजक श्री मिरा जोशी
२. सदस्य श्री हरिप्रसाद वांस्तोला
३. सदस्य श्री मोहनकुमार श्रेष्ठ
४. सदस्य श्री चन्द्रमाया परियार
५. सदस्य श्री राजकुमार श्रेष्ठ
६. सदस्य श्री बमबहादुर थापा
७. सदस्य सचिव श्री दण्डपाणी पौडेल